गल्छि गाउपालिका ६२ औ कार्यपालिका बैठक
२०८२ चैत्र ५ गते

गल्छी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैरेनी, धादिङ बागमती प्रदेश, नेपाल

## बैठक संख्या ६२
## मिति २०८२/१२/०५
## समयः बिहान ०८:०० बजे
## स्थानः गल्छी गाउँपालिका कार्यपालिका हल, बैरेनी

आज मिति २०८२/१२/०५ गते यस गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ खतिवडाज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक देहायका पदाधिकारीज्यूहरुको समुपस्थितिमा बसी देहायका निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री केदारनाथ खतिवडा | अध्यक्ष | |
| २ | श्री भाइकाजी तिवारी | उपाध्यक्ष | |
| ३ | श्री यदुकुमार खतिवडा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री षडानन्द खनाल | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री राजन भुजेल | ३ नं. वडा अध्यक्ष | |
| ६. | श्री राजु अधिकारी | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री सरोज लामा तामाङ | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री दिपक कुमार कार्की | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री हरि प्रसाद खतिवडा | ७ नं. वडा अध्यक्ष | |

गल्छि गाउपालिका ६२ औ कार्यपालिका बैठक
२०८२ चैत्र ५ गते

| | | | |
|---|---|---|---|
| १० | श्री विशाल लुङ्गेली मगर | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री भेष कुमारी खनाल | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी अधिकारी | कार्यपालिका सदस्य | |
| १३ | श्री दिलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री जानुका धिताल | कार्यपालिका सदस्य | |
| १५ | श्री सिर्जना घले | कार्यपालिका सदस्य | |
| १६ | श्री रमेश भुजेल | कार्यपालिका सदस्य | |
| १७ | श्री पुर्ण प्रसाद दुलाल | सचिव | |

प्रस्तावहरु:

१.गाउँसभाको बैठक सम्बन्धमा ।

२.कार्यविधी पारित गर्ने सम्बन्धमा ।

३. विवध सम्बन्धमा ।

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

## प्रस्ताव नं १

## गाउँसभाको बैठक सम्बन्धमा ।

### निर्णय नं. १

गल्छी गाउँपालिकाको गाउँसभाको १४ औं अधिबेशन यस अघि मिति २०८२/१०/२६ का लागि आह्वान गरिएकोमा प्रतिनिधीसभा सदस्य निर्वाचन २०८२ को निर्वाचन आचार संहिताको कारण स्थगित भएकोमा उक्त गाउँसभाको अधिबेशन मिति २०८२/१२/२३ गते दिनको ११:३० बजे कालागि आह्वान गर्ने निर्णय गरियो ।

## प्रस्ताव नं. २

## कार्यविधी पारित गर्ने सम्बन्धमा ।

### निर्णय नं. २

"गल्छी गाउँपालिका उर्जा विकस उप समिति गठन तथा सञ्चालन कार्यविधी,२०८२" को मस्यौदामाथी छलफल हुँदा उक्त कार्यविधि पारित गर्ने सर्वसम्त निर्णय गरियो, साथै कार्यविधीको परिच्छेद २ बुँदा ३ मा भएको ब्यवस्था बमोजिम तपशिल अनुसार उपसमिति गठन गर्ने निर्णय गरियो ।

### उपसमिति

१ वडाध्यक्ष श्री षडानन्द खनाल संयोजक

२ का.पा सदस्य श्री सृजना घले सदस्य

३ श्री बच्चुराम बिं.क (वडा नं ३) सदस्य

४ श्री अर्जुन खतिवडा (वडा नं १) सदस्य

५ श्री बिष्णु प्र सुबेदी (वडा नं ४)सदस्य

## प्रस्ताव नं. ३

## विविध सम्बन्धमा ।

### निर्णय नं. ३

विविध सम्बन्धमा छलफल गर्दा तपसिल बमोजिम निर्णय गरियो ।

३.१: बागमती प्रदेश सरकार सामाजिक बिकास मन्त्रालय सामाजिक बिकास शाखा गजुरी संग भएको सम्झौता अनुसार गृहणि महिला शसक्तिकरण कार्यक्रमका लागि गाउँपालिकाको

तर्फबाट ब्योहोर्नु पर्ने २५ प्रतिशत साझेदारी रकम रु.१,९६,०००।- बिबिध खर्च शिर्षकबाट ब्यहोर्ने निर्णय गरियो ।

३.२: गल्छी गाउँपालिका भित्र सञ्चालनमा रहेका अटो रिक्सा मनोमानी ढंगबाट भाडा असुली गरिरहेको गुनासो उपर छलफल गर्दा गाउँपालिका भित्र सञ्चालित अटो रिक्साहरुको भाडादरलाई ब्यवस्थित गर्न गाउँपालिका भित्र सुचिकृत गरि निजहरुको समेत संलग्नतामा छलफल गरि प्रचलित कानुन बमोजिम उचित भाडादर निर्धारण गर्ने निर्णय गरियो ।

३.३: बजार ब्यवस्थापन समिति गठन सम्बन्धमा छलफल गर्दा गल्छी गा.पा. वडा नं. ४, ६, ७ र ८ को बजार ब्यवस्थापन समिति गठन/पुनर्गठन गरि उक्त समिति मार्फत बजारहरुलाई सफा सुग्घर र ब्यवस्थित गर्ने/गराउने निर्णय गरियो ।

३.४: गल्छी गाउँपलिका भित्र रहेका धर्मिक/सांस्कृतिक पुरातात्विक सम्पदाहरुको गाउँपालिकामा अभिलेख नभएकोले त्यस्ता सम्पदाहरुको बारेमा जानकारी गर्न/गराउन तथा अभिलेखिकरण गर्नु आवश्यक भएकोले ८ ओटै वडामा रहेका त्यस्ता सम्पदाहको खोज अध्ययन/अनुसन्धान गरि अभिलेख पुस्तिका तयार गर्न विविध खर्च शिर्षकबाट रु.३,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

३.५: बैरेनी अस्पतालले माग गरेको बजेट सम्बन्धमा छलफल गर्दा हाललाई आवश्यक रिएजेन्ट खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।

३.६ बैरेनी अस्पतालमा कार्यरत सि.अ.न.मी. पाँचौं श्री डम्मरी कुमारी धामिको तलबी अध्ययन बिदा स्विकृत गर्ने सम्बन्धमा छलफल गर्दा नियमानुसार तलब बिदा स्विकृत गरिदिने निर्णय गरियो ।

३.७ ढुङ्गा, गिट्टी, बालुवा गा.पा. क्षेत्र बाट लैजाँदा निकासि बिल नकाटी राजश्व छंटछल गर्ने गरि सामान निकासि भई चेकजाँचको क्रममा भेटिएमा वा सुरक्षा निकायबाट कारबाही सिफारिस भइ आएमा त्यस्ता सवारी साधन नियन्त्रणमा लिइ रु. १५०००।- जरिवाना गरि आइन्दा त्यस्तो कार्य नगर्ने शर्तमा छोडी दिने साथै यसरी सामाग्री निकासी गर्दा भ्याट बिल नकाटी हिड्ने सवारी साधनलाई रु.५०००।- जरिवाना गराएर भ्याट बिल काट्न लगाई आइन्दा त्यस्तो नगर्ने शर्तमा छोडी दिने र सो कार्य दोहोरिएमा डबल जरिवाना लिएर मात्र छोडिने निर्णय गरियो ।

३.७: आर्थिक सहायता एवं औषधी उपचार खर्च सम्बन्धमा छलफल गर्दा तपसिल बमोजिम आर्थिक सहायता गर्ने निर्णय गरियो ।

| क्र.सं. | सहायता पाउनेको नाम थर | ठेगाना | समस्याको प्रकृती | सहायता | कैफियत |
|---|---|---|---|---|---|

गल्छी गाउँपालिका ८२ औं कार्यपालिका बैठक

२०८२ चैत्र ५ गते बिहीवार

| | | | | | |
|---|---|---|---|---|---|
| १ | चतुरे सार्की | गल्छी-२ | सुगरको कारण घाउ पाकेको | १०००० | |
| २ | सुर्य बहादुर मगर | गल्छी-१ | | ५००० | |
| ३ | राजकुमार नेपाल | गल्छी-१ | | १०००० | |
| ४ | जित बहादुर वाग्ले | गल्छी-६ | पिसाब चुहिने समस्या | ५००० | |
| ५ | कुमार लामा | गल्छी-८ | Upper GI Bleeding | १०००० | |
| ६ | शुशिला खड्का | गल्छी-६ | पित्त थैलीमा पथ्थरी | ५००० | |
| ७ | खुस्म प्रसाद खतिवडा | गल्छी-१ | पारालाइसिस | १५००० | |
| ८ | बल बहादुर तामाङ | गल्छी-८ | मुटु रोग | १०००० | |
| ९ | गुण कुमारी भट्ट | गल्छी-३ | मेरुदण्ड खिइएको | ५००० | |
| १० | पवित्रा खड्का | गल्छी-४ | पाठेघरको रोग | १५००० | |

केदारनाथ खतिवडा
अध्यक्ष

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय